# आ.व. २०७८/०७९ मा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने महिला, बालबालिका र समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन

## मापदण्ड, २०७८

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश

पोखरा, नेपाल

(आ.व. २०७८/०७९ मा प्रदेश तर्फ राजश्व बाँडफाँट र समानीकरण अन्तर्गत महिला, बालबालिका र समाजकल्याण तर्फको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०७८" माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०७८/०५/१५ मा स्वीकृत)

विषय सूची


खण्ड: एक ..... १

परिचय तथा उद्देश्य ..... १

१.१ परिचय: ..... १

१.२ मन्त्रालय अन्तरगत सामाजिक विकास महाशाखासँग सम्बन्धित विकास कार्यक्रम कार्यान्वयनका लागि ..... १

१.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : ..... १

१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु ..... २

खण्ड: दुई ..... ३

वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ..... ३

२.१ मन्त्रालय तर्फ ..... ३

२.१.१ सक्षम महिला समानान्तर पाइला ..... ३

२.१.२ वृद्धाश्रम एवं पुनर्स्थापना केन्द्रहरुमा स्वास्थ्य सेवा संचालन ..... ४

२.१.३ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल बैठक संचालन ..... ५

२.१.४ लैंगिक सम्पर्क व्यक्ति समन्वय समिति बैठक सञ्चालन ..... ६

२.१.५ प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको तथ्याङ्क संकलन तथा प्रकाशन ..... ७

२.१.६ शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेश केन्द्रमा) ..... ८

२.१.७ प्रदेश बाल भेला, बाल परिषद् पुनर्गठन तथा परिचालन एवं परिषद् बैठक सञ्चालन (कार्यक्रम-१,बैठक -३) ..... ९

२.१.८ प्रदेश बालअधिकार समिति गठन तथा बैठक संचालन ..... १०


उप सचिव

सचिव

माननीय मन्त्री

२.१.९ प्रदेश बालपरिषद्को समन्वयमा बाल प्रतिभा छनौट र पुरस्कृत गर्ने......

२.१.१० लैङ्गिक हिंसा बिरुद्धको निःशुल्क हटलाइन सेवा संचालन ......

२.१.११ मन्त्रालयमा रहेको अपांगता सहायता कक्ष (Help Desk) तथा सूचना केन्द्र संचालन निरन्तरता ........ १३

२.१.१२ सडक मानव पहिचान, व्यवस्थापन एवं सडकमुक्त प्रदेश घोषणा ........ १३

२.१.१३ प्रदेश आपत्कालिन उद्धार कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि) ........ १४

२.१.१४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता आदि दिवसीय कार्यक्रम संचालन १६

२.१.१५ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी ऐन, कानून नीति निर्माण ........ १७

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय........ १८

२.१.१६ प्रदेशस्तरमा महिला, बालबालिका ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसग समन्वय बैठक........ १८

२.१.१७ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन अनुदान........ १९

२.१.१८ हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन गर्न अनुदान........ २१

२.१.१९ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र पूर्वाधार निर्माण अनुदान........ २२

२.१.२० हिंसा पीडित महिला तथा बालबालिकाको लागि पुनर्स्थापना केन्द्रको पूर्वाधार निर्माणमा अनुदान........ २३

२.१.२१ अपाङ्गता भएका व्यक्तिहरुलाई क्षमता अनुसारको रोजगार सृजना तथा पुनर्स्थापना केन्द्रको लागि प्रदेशस्तरीय अपाङ्गता ग्राम निर्माणको जग्गा प्राप्ति तथा डीपीआर तयारी..... २५

अनुसूची-१ ........ २६

आपत्कालिन उद्धार कार्यक्रम अन्तर्गत राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार........ २६


उप सचिव

सचिव

माननीय मंत्री

अनुसूची २ .......................................................................................................... २३
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न अनुदान प्राप्तिको लागि ................ २३
अनुसूची -३ .......................................................................................................... २९
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालनका लागि प्रस्ताव छनौटका आधारहरू ...... २९
अनुसूची – ४ .......................................................................................................... ३०
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना र सञ्चालन गर्न अनुदानको लागि सम्झौताको ढाँचा .. ३०
अनुसूची ५ .......................................................................................................... ३२
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माणका लागि ........................................ ३२
अनुसूची -६ .......................................................................................................... ३४
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माणका लागि प्रस्ताव मूल्याङ्कनका आधारहरू ... ३४
अनुसूची – ७ .......................................................................................................... ३५
ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको पूर्वाधार निर्माणको लागि सम्झौताको ढाँचा ..................... ३५

उप सचिव

माननीय मन्त्री

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## खण्ड: एक

## परिचय तथा उद्देश्य

प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखरा, नेपाल

### १.१ परिचय:

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम अनुसार महिला, बालबालिका तथा समाजकल्याण क्षेत्रको संरक्षण, विकास, शसक्तिकरण र न्यायका लागि उनीहरुको प्रत्यक्ष सहभागितामा लक्षित कार्यक्रम संचालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ।

प्रदेश सरकार, कार्यविभाजन नियमावली, २०७४ ले समेत महिला, बालबालिका तथा समाजकल्याण क्षेत्रको हक अधिकार सुनिश्चित गर्नका लागि लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, बालविवाह, सामाजिक कुरिति र परम्परागत हानिकारक अभ्यास न्यूनीकरण गर्दै लैंगिक समानता, बालमैत्री शासकीय प्रबन्ध, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको उचित व्यवस्थापन तथा संरक्षणका लागि जोड दिएको सन्दर्भमा विपन्न, लक्षित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकसँग सम्बन्धित कार्यक्रम संचालन प्रक्रियालाई सहज, व्यवस्थित, पारदर्शी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ को अधिनमा रही शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट " **वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०७८**" स्वीकृत गरिएको छ।

**उद्देश्य:**

- आ.व. २०७८/०७९ को वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्नु,
- कार्यक्रम कार्यान्वयनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्नु।

### १.२ मन्त्रालय अन्तरगत सामाजिक विकास महाशाखासँग सम्बन्धित विकास कार्यक्रम कार्यान्वयनका लागि निम्न शाखाहरु रहेका छन्-

१) बाल अधिकार तथा सामाजिक न्याय शाखा

२) लैंगिक सशक्तीकरण तथा मूलप्रवाहीकरण शाखा

### १.३ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७, तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड, २०७५ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि,२०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ।

माननीय मन्त्री

उप सचिव

सचिव

१.४ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:

१. यस मापदण्डको पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार कर्मचारीको हुनेछ।

२. कार्यक्रम शुरु गर्नु अघि कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रक्रिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम संचालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको निर्णय गराई कार्यक्रम संचालनका लागि कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराउनु पर्नेछ।

३. कार्यक्रम संचालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवार प्राप्त कर्मचारीको समन्वयमा संचालन गर्नु पर्नेछ।

४. यस निर्देशिका अनुसार कार्यक्रम संचालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महिला तथा बालबालिका विभाग, राष्ट्रिय महिला आयोग समेतबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिका समेतलाई आधार मानी कार्यक्रम संचालन गर्नु पर्नेछ।

५. कार्यक्रम संचालन गर्दा तोकिएको चौमासिक भित्र संचालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम संचालन गर्न नसकिएमा कारण सहितको विवरण मन्त्रालयमा समयमै उपलब्ध गराउनु पर्नेछ।

६. यस आ. व. को आर्थिक दायित्व आगामी आ. व. मा सर्ने गरी कार्यक्रम संचालन गरिने छैन।

७. सम्पादित क्रियाकलापको आन्तरिक र बाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

८. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७८/७९ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता सम्बन्धी कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ समेत अनुशरण गर्नुपर्नेछ।

९. यस निर्देशिकामा अन्यत्र जेसुकै लेखिए तापनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम संचालन गर्नु पर्नेछ।

१०. कार्यक्रमको मुख्य मुख्य उपलब्धि र वित्तीय प्रगति मासिक रूपमा एवम् भौतिक तथा वित्तीय प्रगति चौमासिक र वार्षिक रुपमा तयार गर्नु पर्नेछ।

नोट: प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम संचालन गर्नुपर्ने छ।

उप सचिव

माननीय मन्त्री

सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

# खण्ड: दुई
## वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

### २.१ मन्त्रालय तर्फ

### २.१.१ सक्षम महिला समानान्तर पाइला

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | २५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हिंसा पीडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडी परेका र पारिएका महिला वर्गको विकास र उत्थान गर्ने अवधारणाबाट प्रारम्भ भएको यस कार्यक्रमले महिला उद्यमशीलता तथा नेतृत्व विकासमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । उल्लेखित कार्यक्रम विपन्न महिलाको आर्थिक सशक्तीकरणतर्फ केन्द्रित छ । त्यसैगरी नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रतिबद्धता जनाएका सन्धि, महासन्धि तथा कार्ययोजनाहरुलाई सम्बोधन हुनेगरी कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | हिंसा पीडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडि परेका र पारिएका महिलाको सशक्तीकरण गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय स्थानीय तहहरु लगायत सरोकारवाला संस्थाहरु |
| ४. बजेट बाँडफाँड | यस कार्यक्रम संचालनको लागि छुट्टै निर्देशिका/मापदण्ड तयार गरी बाँडफाँड गरिने |
| ५ कार्यक्रमको लागि लक्षित समूह | हिंसा पिडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडि परेका र पारिएका महिला |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • निर्देशिका/कार्यविधि/मापदण्ड निर्माण<br>• सरोकारवालाहरुसँग समन्वय<br>• कार्यक्रमका लागि लक्षित वर्ग तथा स्थानको पहिचान गर्ने<br>• कार्यक्रमहरु तय गर्ने<br>• समयसिमा निर्धारण गर्ने<br>• कार्यक्रम संचालन गर्ने<br>• अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने |
| ६. अपेक्षित प्रतिफल | • हिंसा पीडित प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा पछाडी परेका र पारिएका महिला सशक्तीकरणमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत निर्देशिका/कार्यविधि/मापदण्डको प्रतिलिपी |

उप सचिव    माननीय मन्त्री    सचिव

| | |
|---|---|
| | • विभिन्न निर्णय प्रतिलिपीहरू<br>• कार्यक्रम संचालन सम्बन्धी कागजातहरू<br>• खर्चका बिल भर्पाईहरू<br>• फोटोहरू<br>• कार्य सम्पन्न भएको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि
तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

### १.१.२ वृद्धाश्रम एवं पुनर्स्थापना केन्द्रहरुमा स्वास्थ्य सेवा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक संख्या | १० | २००० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्र प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका ज्येष्ठ नागरिक आश्रम/वृद्धाश्रम/दिवा सेवा केन्द्रहरुमा आश्रित ज्येष्ठ नागरिकहरुलाई सहज तथा सम्मानपूर्ण रुपमा जीवनयापन गर्नमा सहयोग गरी उनीहरुको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि चौमासिक रुपमा स्वास्थ्य परिक्षण गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • ज्येष्ठ नागरिक आश्रम/वृद्धाश्रम/दिवा सेवा केन्द्रहरुमा आश्रित ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँड | औषधी लगायत स्वास्थ्य सामाग्रीहरु,दैनिक भ्रमणभत्ता, बैठक,खाजा खाना इत्यादी । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सम्बन्धित स्वास्थ्य कार्यालय /स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकी तथा ज्येष्ठ नागरिक आश्रम/वृद्धाश्रम/दिवा सेवा केन्द्रसँग समन्वय<br>• स्थान छनौट<br>• औषधी लगायतका स्वास्थ्य सामाग्रीहरु व्यवस्थापन<br>• स्वास्थ्य जाँच संचालन तथा औषधी वितरण<br>• अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण |
| ६. अपेक्षित प्रतिफल | ज्येष्ठ नागरिकहरुको स्वस्थ जीवनशैलीमा सुधार आएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वार्षिक कार्ययोजना बमोजिम बजेट बाँडफाँड, |

उप सचिव    माननीय मन्त्री    सचिव

| शीर्षक | विवरण |
|---|---|
| | • खर्चका बिल भर्पाइहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखरा, नेपाल

### २.१.३ हिंसा प्रभावितहरुको लागि तत्काल उद्धार समन्वय संजाल बैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १२ | १८० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा मानव बेचविखन र ओसारपसारजन्य घटनाहरुलाई अपराधको रुपमा लिई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक उपायहरु अवलम्बन गरिएको भएतापनि अझै पनि यो समस्या चुनौतीको रुपमा रहेको पाइन्छ। गण्डकी प्रदेशभित्र लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको बीचमा समन्वय गरी प्रभावितहरुलाई आपतकालीन अवस्थामा तत्काल उद्धार गरी संरक्षण र न्यायमा पहुँच पुर्‍याउनका लागि गत आ.व. २०७५/७६ मा गठन भएको तत्काल उद्धार समन्वय सञ्जालको निरन्तरता दिंदै कार्यक्रम संचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत निकायहरुबीच समन्वय गर्ने।<br>• आपतकालीन अवस्थामा पीडित तथा प्रभावितहरुहरुलाई तत्काल उद्धार गरी सुरक्षित तरिकाबाट संरक्षणमा राख्ने व्यवस्था मिलाउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँड | खाजा/खाना, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तत्काल उद्धार समन्वय सञ्जालसँग समन्वय<br>• सञ्जाल समितिको नियमित बैठक सञ्चालन<br>*नोटः कार्यक्रम सञ्चालन गर्दा भौतिक रुपमा उपस्थिति हुन सक्ने अवस्था नभएमा प्रविधिको प्रयोग गरी वैकल्पिक माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ।* |
| ६. अपेक्षित प्रतिफल | लैंगिक हिंसा र मानव बेचविखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा कार्यरत |

उप सचिव  माननीय मन्त्री  सचिव

| | | |
|---|---|---|
| | | निकायहरुबीच आवश्यक समन्वय भएको हुनेछ। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि<br>• खर्चका बिल भर्पाईहरु<br>• फोटोहरु |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

प्रदेश सरकार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश, पोखरा, नेपाल

### २.१.४ लैंगिक सम्पर्क व्यक्ति समन्वय समिति बैठक सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | ६ | १५० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | पृष्ठभूमि | बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा लैङ्गिक सम्वेदनशिलता अपनाई उक्त विषयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न चाहिने आवश्यक वातावरण तयार गरी मन्त्रालय र मातहतका निकायहरुको कार्यक्रम तथा बजेट तर्जुमाका साथै लैङ्गिक मैत्री सेवा प्रवाहमा लैङ्गिक संवेदनशिलता कायम गरी लैङ्गिक उत्तरदायी शासन कायम गर्नको लागि गण्डकी प्रदेश सरकारले मन्त्रालय तथा मातहतका निकायहरुमा गठन गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. | कार्यक्रमको उद्देश्य | लैङ्गिक उत्तरदायी शासन कायम गर्न सहयोग पुऱ्याउने। |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँड | बैठक पारिश्रमिक, कार्यक्रम सञ्चालन, यातायात खर्च, खाजा, स्टेशनरी |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • समन्वय बैठक तयारी तथा संचालन,<br>• प्रतिवेदन तयार तथा समीक्षा<br>*नोट: कार्यक्रम सञ्चालन गर्दा भौतिक रुपमा उपस्थिति हुन सक्ने अवस्था नभएमा प्रविधिको प्रयोग गरी वैकल्पिक माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ।* |
| ६. | अपेक्षित प्रतिफल | लैंगिक संवेदनशीलता, लैंगिक मैत्री संरचना निर्माण भई लैङ्गिक उत्तरदायी शासन प्रवर्द्धनमा सहयोग पुगेको हुनेछ। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत कार्यसंचालन निर्देशिका<br>• बैठकको उपस्थिति विवरण तथा निर्णय प्रतिलिपि |

उप सचिव　　माननीय मंत्री　　सचिव

| | |
|---|---|
| | • खर्चका बिल भर्पाईहरु<br>• फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

**२.१.५ प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको तथ्याङ्क संकलन तथा प्रकाशन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशभित्र बसोवास गर्ने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरुको तथ्याङ्क एवम् सूचना संकलन तथा प्रकाशन गरी यथार्थ अवस्था पत्ता लागउनुका साथै सबै खालका योजना निर्माण र कार्यान्वयनलाई कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशभित्रका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक एवम् यौनिक अल्पसंख्यकहरुको स्थितिपत्र प्रकाशन गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँड | • स्थितिपत्र तयार तथा प्रकाशन सम्बन्धी खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • स्थानीय तहहरुसँग समन्वय/पत्राचार<br>• सामाजिक संस्थाहरु परिचालन /संस्था छनौट तथा सम्झौता<br>• स्थितिपत्र तयार तथा प्रकाशन |
| ६. अपेक्षित प्रतिफल | प्रदेशस्तरमा कार्यरत संघसंस्थाहरुको सूचि तथा प्रोफाइल तयार भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन गर्ने संस्थाले मन्त्रालयसँग सम्झौता गरेको प्रतिलिपि<br>• खर्चका प्रमाणित बिल भरपाईहरु<br>• संघसंस्थाहरुको प्रोफाइल सहितको विस्तृत विवरण तथा प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय तथा स्थानीय तह |

उप सचिव　　माननीय मन्त्री　　सचिव

प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

२.१.६ शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन (प्रदेश केन्द्रमा)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ३००० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला उपर हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय समयमा निजामती कर्मचारीका शिशुहरुका लागि उपयुक्त संरक्षण, हेरचाह र रेखदेख गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउन तथा दिवा शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थापन कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | (क) निजामती कर्मचारीहरुलाई आफ्नो कामप्रति लगनशिल र जिम्मेवार हुन उत्प्रेरित गर्ने।<br>(ख) कार्यालय समयभित्र कर्मचारीका शिशुहरुको उपयुक्त वातावरणमा संरक्षण तथा स्याहार सुसार गरी चौतर्फी विकासमा सघाउ पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँड | कार्यक्रम संचालन गर्ने संस्थालाई कार्यविधि निर्माण पश्चात सोको अधिनमा रही खर्च गर्ने शिर्षकहरु तय गरिने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधि तयार तथा स्वीकृति<br>• केन्द्रमा ल्याउने शिशुहरुको कार्यालयगत विवरण संकलन<br>• संस्थाहरु मार्फत प्रस्ताव आव्हान<br>• संस्था मूल्याङ्कन, छनौट तथा सम्झौता<br>• शिशु स्याहार केन्द्र स्थापना तथा संचालन<br>• अनुदान उपलब्धता<br>• अनुगमन<br>• दोस्रो किस्ता भुक्तानी<br>• कार्यक्रम संचालन सम्बन्धी विस्तृत प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • निजामती कर्मचारीहरु आफ्नो कामप्रति लगनशिल र जिम्मेवार भएका हुने। |

उप सचिव        माननीय मन्त्री        सचिव

| | |
|---|---|
| | • दिवा शिशु स्याहार केन्द्र व्यवस्थित, पारदर्शि तथा प्रभावकारी रुपले संचालन भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्वीकृत भएको कार्यविधिको प्रतिलिपि<br>• मन्त्रालयसँग भएको सम्झौताको प्रतिलिपि<br>• बैठकहरु उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• केन्द्रमा रहने शिशुहरुको विस्तृत विवरणको प्रतिलिपि<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• मन्त्रालयबाट भएको अनुगमन सम्बन्धी विवरणको प्रतिलिपि<br>• कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.७ प्रदेश बाल भेला, बाल परिषद् पुनर्गठन तथा परिचालन एवं परिषद् बैठक सञ्चालन (कार्यक्रम-१,बैठक -३)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ९०० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र विकासको लागि समन्वय गर्दै बालअधिकार सम्बन्धमा देखिएका समस्याहरु पहिचान गर्दै समाधानका उपाय सहित भावी रणनीति तय गर्न आ.व. २०७५/०७६ मा गठन गरी परिचालन भइरहेको प्रदेश बाल परिषद्को समयावधि समाप्त भएको हुँदा बालभेला मार्फत सोको पुनर्गठन गरी पुनः परिचालन तथा नियमित रुपमा बैठक संचालन तथा व्यवस्थापनका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | बालबालिकाको अधिकारको संरक्षण र संवर्द्धनमा सहयोग पुर्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | खाजा/खाना, सहभागी यातायात, सहभागीलाई दैनिक भ्रमण भत्ता, स्टेशनरी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • वर्तमान प्रदेश बालपरिषद्सँग समन्वय<br>• जिल्ला बाल संजालसँग समन्वय<br>• बालभेलाको समय निर्धारण<br>• भेलामार्फत नयाँ बाल परिषद् गठन |

उप सचिव

सचिव

माननीय मन्त्री

| | |
|---|---|
| | • नियमित बैठक संचालन<br>• प्रतिवेदन तथा समीक्षा |
| ६. अपेक्षित प्रतिफल | प्रदेश बाल परिषद् पुनर्गठन भई गण्डकी प्रदेशमा बालअधिकार संरक्षण र प्रबर्द्धनमा सघाउ पुग्नेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बाल भेला तथा बाल परिषद् पुनर्गठन सम्बन्धी आवश्यक कागजातहरु<br>• बैठकको उपस्थिति विवरण<br>• बैठकको निर्णय प्रतिलिपि<br>• बिल भर्पाई सहितको कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.८ प्रदेश बालअधिकार समिति गठन तथा बैठक संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १८० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६०(१) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि गण्डकी प्रदेशस्तरीय बाल अधिकार समिति गठन गर्न, बालबालिका सम्बन्धी ऐन कानून तथा नीति निर्माणमा आवश्यक सहयोग गर्न, बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्नको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • प्रदेश स्तरीय बाल अधिकार समिति गठन गर्ने।<br>• बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संवोधन गर्न मद्दत पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • खाजा, यातायात, बैठक भत्ता, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • खर्चको बाँडफाँड सहितको प्रस्तावना स्वीकृति<br>• तयारी तथा बैठक संचालन<br>• प्रतिवेदन<br>*नोट: कार्यक्रम सञ्चालन गर्दा भौतिक रुपमा उपस्थिति हुन सक्ने अवस्था नभएमा प्रविधिको प्रयोग गरी वैकल्पिक माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ।* |

उप सचिव    माननीय मन्त्री    सचिव

| | |
|---|---|
| ६. अपेक्षित प्रतिफल | प्रदेश स्तरीय बालअधिकार समिति गठन ऐन, कानून, नीति निर्माणका साथै बालअधिकारका सवालहरुलाई प्रभावकारी रुपमा संबोधन |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको उपस्थिति तथा निर्णय प्रतिलिपि<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.९ प्रदेश बालपरिषद्को समन्वयमा बाल प्रतिभा छनौट र पुरस्कृत गर्ने**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा बालबालिकाहरुको सहभागिता, अन्तर सम्बन्ध, अधिकार र बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन तथा विकासको लागि प्रदेश बाल परिषद्सँगको समन्वयमा बाल प्रतिभा छनौट मार्फत पुरस्कृत गरी थप हौसला प्रदान गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • बालबालिकामा अन्तरनिहित प्रतिभाको प्रष्फुटन र विकासमा सहयोग पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • पुरस्कार, खाजा, यातायात, बैठक पारिश्रमिक, पानी, स्टेशनरी लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रदेश बालपरिषद्सँग समन्वय बैठक संचालन<br>• प्रतिभा छनौटका क्षेत्र विधा एवम् प्रकृया निर्धारण<br>• कार्यक्रम संचालनको समयतालिका निर्धारण<br>• जिल्लास्तर तथा प्रदेशस्तरमा कार्यक्रम संचालन<br>• खर्चको बाँडफाँड सहितको प्रस्ताव स्वीकृति<br>• तयारी तथा उत्कृष्ट प्रतिभा छनौट कार्यक्रम संचालन<br>• मूल्याङ्कन तथा छनौट<br>• पुरस्कार प्रदान<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • उत्कृष्ट बालप्रतिभा पहिचान भई प्रोत्साहन भएको हुनेछ |

उप सचिव

माननीय मन्त्री

सचिव

| | |
|---|---|
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम संचालन सम्बन्धी उपस्थिति, निर्णय लगायतका कागजातहरु<br>• खर्चका प्रमाणित बिल भरपाईहरु,<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

२.१.१० लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवा संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ४५० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्न निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रममा जोड दिंदै महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा निवारणमा सहयोग पुर्‍याउन मन्त्रालयमा आ.व. २०७७/०७८ देखि संचालनमा आएको लैङ्गिक हिंसा विरुद्धको निःशुल्क हटलाइन सेवाको निरन्तरता मार्फत लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुको लागि तत्काल उद्धार, संरक्षण, सशक्तीकरण र सामाजिक न्यायमा आवश्यक समन्वय गर्न यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुबाट प्राप्त गुनासाहरुलाई सम्बोधन गर्ने,<br>• पीडित तथा प्रभावितहरुलाई तत्काल उद्धार, संरक्षण, सशक्तीकरण र कानूनी उपचारमा सहयोग गर्ने,<br>• लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयन गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | संलग्न जनशक्तिको लागि पारिश्रमिक, हटलाइन कक्ष व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सेवा संचालन विधि र प्रकृया निर्धारण<br>• आवश्यक सामाग्रीको व्यवस्थापन<br>• हटलाइन संचालन निरन्तरता<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | हिंसा पीडित तथा प्रभावितहरुले परामर्श, उद्धार र पुनर्स्थापना सम्बन्धी सेवा प्राप्त गरेका हुनेछन्। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |

गण्डकी प्रदेश सरकार
शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

उप सचिव माननीय मन्त्री सचिव

| शीर्षक | विवरण |
|---|---|
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.११ मन्त्रालयमा रहेको अपाङ्गता सहायता कक्ष (Help Desk) तथा सूचना केन्द्र संचालन निरन्तरता**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | महिना | ३ | ४५० | पहिलो दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | अपाङ्गता भएका सेवाग्राहीहरुले मन्त्रालयबाट लिने सेवा प्रवाहमा सहजता ल्याउन सामाजिक विकास मन्त्रालयमा आ.व. २०७५/०७६ देखि संचालनमा रहेको अपाङ्गता सहायता कक्षलाई सूचना केन्द्रको रुपमा समेत विस्तार गरी सोको निरन्तरता समेतको लागि यो कार्यक्रम संचालन गर्न लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • अपाङ्गता सहायता कक्ष संचालन गर्ने<br>• अपाङ्गता भएका सेवाग्राहीहरुको सेवा प्रवाहमा सहजता ल्याउने<br>• अपाङ्गता सहायता कक्षलाई सूचना केन्द्रको रुपमा समेत विस्तार गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • कर्मचारी तलब तथा आवश्यकता अनुसार सहायता कक्ष तथा सूचना केन्द्र स्थापना तथा संचालनका लागि आवश्यक सामग्रीहरु व्यवस्थापनमा खर्च गरिने। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • खर्चको बाँडफाँड सहितको प्रस्ताव स्वीकृती<br>• आवश्यक सामाग्रीको व्यवस्थापन<br>• हेल्प डेक्स संचालन निरन्तरता तथा सूचना केन्द्र विस्तार<br>• प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • अपाङ्गता भएका सेवाग्राहीहरुको सेवा प्रवाहमा सहजता आएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रम सम्बन्धी विस्तृत विवरण सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.१२ सडक मानव पहिचान, व्यवस्थापन एवं सडकमुक्त प्रदेश घोषणा**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट | चौमासिक अवधि |
|---|---|---|---|---|

उप सचिव माननीय मन्त्री सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | (रु.हजारमा) | |
| २२५२२ | | १ | २०० | तेस्रो चौमासिक |
| शीर्षक | | | | |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानव मुक्त प्रदेश बनाउनका लागि प्रदेश भित्र प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका मानव सेवा आश्रमहरुसँग समन्वय तथा सम्झौता गरी सडकमा रहने बेवारिसे नागरिकहरुको सहज तथा सम्मानपूर्ण जीवनयापनमा सहयोग प्रदान गर्दै सोको उचित व्यवस्थापन मार्फत गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा गर्नका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालनका लागि लाग्ने खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यविधि निर्माण<br>• मानव सेवा आश्रम तथा स्थानीय तहहरुसँग समन्वय तथा आवश्यकतानुसार बैठक संचालन<br>• स्थानीय तहहरुबाट तथ्याङ्क/विवरण संकलन /सहयोगापेक्षी मानव नभएको जानकारी पत्र प्राप्ती<br>• सम्बन्धित संस्थासँग सम्झौता<br>• कार्यक्रम संचालनको कार्ययोजना तथा कार्यान्वयन<br>• सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा<br>• अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश घोषणा हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठक संचालन सम्बन्धमा भएका बैठकका निर्णय प्रतिलिपी<br>• संस्थासँग सम्झौता गरेको प्रतिलिपी<br>• कार्यक्रम सञ्चालनसँग सम्बन्धित कागजातहरु एवम् बिल भरपाईहरु<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• फोटोहरु |
| ८. अनुगमन गर्ने निकाय | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय। |

उप सचिव    माननीय मन्त्री    सचिव

२.१.१३ प्रदेश आपत्कालिन उद्धार कार्यक्रम (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुको लागि)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | १२०० | प्रथम, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | लैंगिक हिंसा तथा जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिहरुलाई तत्काल उद्धार, औषधी उपचार, कानूनी सहायता, मनोवैज्ञानिक उपचार, राहत तथा पुनर्स्थापना आदि कार्यका पीडित तथा प्रभावितलाई रकम उपलब्ध गराउन यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | • लैंगिक हिंसाको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापनामा सहयोग गर्ने,<br>• हिंसा पीडित तथा प्रभावितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवा प्रदान गर्ने,<br>• सीपमूलक तालिम प्राप्त लैंगिक हिंसा पीडित तथा जोखिममा रहेका व्यक्तिहरुलाई स्वरोजगारका लागि प्रोत्साहन गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | अनुसूची- १ मा उल्लेखित मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन हुने |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन<br>• प्राप्त निवेदनका आधारमा अनुसूची-१ मा उल्लेखित मापदण्ड बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने।<br>• मन्त्रालयले समन्वय बैठक गर्ने।<br>• प्रतिवेदन तयार गर्ने। |
| ६. अपेक्षित प्रतिफल | • हिंसा पीडित व्यक्तिलाई राहत तथा जोखिमपूर्ण अवस्थामा रहेका महिला, बालबालिका, अपाङ्ता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको लागि उद्धार, संरक्षण तथा पुनर्स्थापनामा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • पीडित, प्रभावित तथा जोखिममा परेका व्यक्तिको निवेदन<br>• पहिचान खुल्ने कागजात<br>• प्रहरी/स्थानीय तहको सिफारिस पत्र |



...य सचिव

माननीय मन्त्री

सचिव

| | |
|---|---|
| | • खर्च भएका बिलभर्पाई<br>• सहयोग उपलब्ध गराइएका व्यक्तिहरुको विवरण |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

### २.१.१४ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता आदि दिवसीय कार्यक्रम संचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | ३ | ४५० | पहिलो दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | महिला, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु मार्फत सचेतना अभिवृद्धि गर्नको लागि यो कार्यक्रम संचालन लागिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा निर्धारण गरिएका दिवस तथा अभियानात्मक कार्यक्रमहरु संचालन गर्ने<br>• सामाजिक जागरण तथा सचेतना अभिवृद्धि गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, ब्यानर पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रस्ताव तयारी<br>• सरोकारवालाहरुसँग समन्वयात्मक बैठक तथा तयारी<br>• दिवस तथा अभियानमूलक कार्यक्रम संचालन<br>• समिक्षा तथा प्रतिवेदन<br>*नोटः कार्यक्रम सञ्चालन गर्दा भौतिक रुपमा उपस्थिति हुन सक्ने अवस्था नभएमा प्रविधिको प्रयोग गरी वैकल्पिक माध्यमबाट समेत सञ्चालन गर्न सकिनेछ।* |
| ६. अपेक्षित प्रतिफल | सामाजिक जागरण तथा सचेतनामा अभिवृद्धि भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • बैठकको निर्णय प्रतिलिपी<br>• कार्यक्रमको उपस्थिति विवरण<br>• खर्चका प्रमाणित बिल भरपाईहरु, |

उप सचिव

माननीय मन्त्री



सचिव

| | |
|---|---|
| | • कार्यक्रमका फोटोहरु,<br>• प्रतिवेदन, |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

**२.१.१५ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी ऐन, कानून नीति निर्माण**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २५० | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी भावी नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै उक्त क्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश ऐन तथा कानून बनाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बन्धी प्रदेश नीति, ऐन तथा कानूनको निर्माण गर्ने । |
